# शिवराज नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## आधारभूत स्वास्थ्य सेवा अस्पताल
चन्द्रौटा, कपिलवस्तु

लुम्बिनी प्रदेश, नेपाल


पत्र संख्या : ०७८/०७९

चलानी नम्बर :

मिति : २०७८।११।१२

## फार्मेसी संचालन गर्ने सम्बन्धि सुचना ।

उपरोक्त सम्बन्धमा शिवराज नगरपालिका अन्तर्गत संचालित आधारभूत स्वास्थ्य सेवा अस्पताल चन्द्रौटाबाट २४ सै घण्टा आकस्मिक उपचार सेवा संचालन हुने भएकोले अस्पताल हाताभित्र उपलब्ध गराएको जग्गामा फार्मेसी संचालक स्वयम्ले फार्मेसी कक्ष निर्माण गरी २४ सै घण्टा फार्मेसी सेवा संचालन गरी विरामीलाई सर्वसुलभ रुपमा औषधि तथा औषधिजन्य सामाग्री उपलब्ध गराउने उद्देश्यका साथ न्यूनतम रु. १५,०००।- (अक्षरुपी पन्ध्र हजार) नघट्ने गरी बढाबढमा देहायमा उल्लेखित कागजपत्र सहित यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र प्रस्ताव पेश गर्नु हुन र पेश हुन आएका प्रस्तावहरु तोकिएको मितिको भोलि पल्ट दिनको २ बजे आधारभूत स्वास्थ्य सेवा अस्पतालमा खोलिने व्यहोरा सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**संलग्न गर्नु पर्ने कागजातहरु:**

१. फार्मेसी संचालनका लागि कानून बमोजिम योग्यता हासिल गरी नेपाल फार्मेसी परिषद्मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी,

२. कानून बमोजिम औषधी व्यवस्था विभागमा फार्मेसी दर्ता भएको प्रमाणपत्र र आ.व. २०७८/०७९ को नविकरणको प्रतिलिपी,

३. पाना नं. प्रमाण पत्र र आ.व. २०७८/०७९ को नविकरणको प्रतिलिपी,

४. फाराम वापत रु. १,०००।- (अक्षरुपी एक हजार) आधारभूत स्वास्थ्य सेवा अस्पतालको नाममा रहेको नेपाल बैंक लिमिटेड, चन्द्रौटा शाखामा रहेको खाता नं. २२८००१०६९४६१३०००००१ जम्मा गरेको सक्कल भौचर,

५. आ.व. २०७८/०७९ करचुक्ता प्रमाणपत्रको प्रतिलिपी,

***पुनश्चः आर्थिक प्रस्तावको फाराम आधारभूत स्वास्थ्य सेवा अस्पतालबाट उपलब्ध हुने छ ।***

...........................

डा. महेश कुमार गुप्ता

अस्पताल प्रमुख


फोन नं. ०७६-५४०११८,०७६-५४०१४७, फ्याक्स नं. ०७६-५४०११८

Email: info@shivarajmun.gov.np , shivrajmunicipality@gmail.com,

website: http://shivrajmun.gov.np